# नेपाल दूरसञ्चार प्राधिकरण

कमलादी, काठमाडौं ।

## आन्तरिक प्रतियोगिता र खुल्ला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक लिखित परिक्षाको विज्ञापन

**सूचना नं.२/२०७६/७७**

**(प्रथम पटक प्रकाशित मिति: २०७६/०७/२९ गते)**

लोकसेवा आयोगको सहमतिमा यस प्राधिकरणमा रिक्त देहाय बमोजिमका पदहरूमा आन्तरिक प्रतियोगिता, खुल्ला/समावेशी पदहरूमा प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्ति गर्नु पर्ने भएको हुँदा निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं | पद | श्रेणी | सेवा/समूह | आ.प्र., खुल्ला, समावेशी | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०७६-७७ | उपनिर्देशक | अधिकृत द्वितीय | प्रशासन/प्रशासन | आ.प्र. | १ |
| २. | २/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/प्रशासन | आ.प्र. | १ |
| ३. | ३/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/प्रशासन | खुल्ला | २ |
| ४. | ४/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/प्रशासन | आ.ज. | १ |
| ५. | ५/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/प्रशासन | मधेशी | १ |
| ६. | ६/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/प्रशासन | दलित | १ |
| ७. | ७/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/आर्थिक प्रशासन | खुल्ला | १ |
| ८. | ८/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/आर्थिक प्रशासन | महिला | १ |
| ९. | ९/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्रशासन/कानून | महिला | १ |
| १०. | १०/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्राविधिक/इन्जिनियरिङ्ग | आ.प्र. | १ |
| ११. | ११/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्राविधिक/इन्जिनियरिङ्ग | खुल्ला | २ |
| १२. | १२/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्राविधिक/इन्जिनियरिङ्ग | आ.ज. | १ |
| १३. | १३/२०७६-७७ | सहायक निर्देशक | अधिकृत तृतिय | प्राविधिक/इन्जिनियरिङ्ग | मधेशी | १ |
| १४. | १४/२०७६-७७ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | खुल्ला | ६ |
| १५. | १५/२०७६-७७ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | महिला | १ |
| १६. | १६/२०७६-७७ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | आ.ज. | २ |
| १७. | १७/२०७६-७७ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | मधेशी | २ |
| १८. | १८/२०७६-७७ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | दलित | १ |

१) **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता

२) **सेवाको किसिम :** स्थायी

३) **उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्ममा उम्मेदवारको उमेर सहायक स्तरको हकमा १८ वर्ष र अधिकृत स्तरको हकमा २१ वर्ष पूरा भई पुरूषको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ । तर महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४) **दरखास्त दिने अन्तिम मिति:** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र र दोब्बर दस्तुरको हकमा थप ७ दिन भित्र ।

५) **दरखास्त दस्तुर :**

(क) **आन्तरिक प्रतियोगिता तर्फको लागि** उपनिर्देशक, अधिकृत द्वितिय श्रेणीको लागि रू. १२००/- र सहायक निर्देशक, अधिकृत तृतियको लागि रू. १,०००/-,

(ख) **खुल्ला तथा समावेशी तर्फको लागि** सहायक निर्देशक, अधिकृत तृतिय श्रेणीको लागि रू. १,०००/-, सहायक प्रथम श्रेणीको लागि रू. ४००/- र त्यस पछिका थप समावेशी समूहका लागि सहायक निर्देशक अधिकृत तृतियको लागि रू.२००/- सहायक, सहायक प्रथम श्रेणीको लागि रू.८०/-,

(ग) दरखास्त दस्तुर प्राधिकरणको नबिल बैंकमा रहेको खाता नं. ०१०६०११६६४२०१ मा जम्मा गरेको रसिद संलग्न गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

६) **दरखास्त फारम पाइने तथा बुझाउने स्थान :** दरखास्त फाराम प्राधिकरणको वेभसाइट **www.nta.gov.np** बाट डाउनलोड गरी A4 साइजको पेपरमा प्रिन्ट गरी रितपूर्वक भरी प्राधिकरणको कार्यालय श्रीकुञ्ज भवन, कमलादी, काठमाडौं, मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

७) पाठ्यक्रम प्राधिकरणको वेभसाइट **www.nta.gov.np** मा उपलब्ध रहेकोछ ।

८) **तलब तथा सुविधा :** प्राधिकरणको नियमानुसार ।

९) **परीक्षण काल :** पुरुष कर्मचारीको हकमा एक वर्ष र महिला कर्मचारीको हकमा छ महिना हुनेछ ।

१०) **अन्य सेवा र शर्त :** नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरूको (सेवाका शर्त सम्बन्धी) विनियमावली, २०७६ बमोजिम हुनेछ ।

११) **लिखित परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र :** प्राधिकरणको वेभसाईट र राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा पछि प्रकाशित गरिनेछ ।

**द्रष्टव्य:**

**उक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

**आवश्यक न्यूनतम योग्यता**

**(क) आन्तरिक प्रतियोगिताको लागि**

अ. नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरूको (सेवा शर्त सम्बन्धी) विनियमावली २०७३ को विनियम ४२ बमोजिमको बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेको ।

तर महिला, आदिबासी र जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा जन्म भई स्थायी बसोबास भएको कर्मचारी उल्लेखित सेवा अवधिमा एक वर्ष सेवा अवधि कम भए पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

**(ख) खुल्लाका लागि**

अ. सहायक निर्देशक, अधिकृत तृतिय, प्रशासन सेवा, **प्रशासन समूहको** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

आ. सहायक निर्देशक, अधिकृत तृतिय, प्रशासन सेवा, **आर्थिक प्रशासन समूहको** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा, व्यवस्थापन वा वाणिज्यशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

इ. सहायक निर्देशक, अधिकृत तृतिय, प्रशासन सेवा, **कानून समूहको** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल कानून व्यवसायी परिषदबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

ई. सहायक निर्देशक, अधिकृत तृतिय, प्राविधिक सेवा, **इन्जिनियरिङ समूहको** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, इन्फर्मेशन टेक्नोलोजी तथा कम्युनिकेशन, इलेक्ट्रोनिक्स तथा टेलिकम्युकेशन, रेडियो ब्रोडकास्टिङ तथा रेडियो टेलिकम्युनिकेशन वा इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा टेलिकम्युनिकेशन मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको र इन्जिनियरिङ परिषद्मा दर्ता भएको ।

उ. सहायक, सहायक प्रथम, प्रशासन सेवा, **प्रशासन समूहको** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

**पुनश्च:**

**समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरु:**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जानजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**पदपूर्ति सम्बन्धी थप जानकारी लिनु परेमा यस प्राधिकरणको मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ ।**

पदपूर्ति समिति

**नेपाल दूरसञ्चार प्राधिकरण**

श्रीकुञ्ज भवन, कमलादी, काठमाडौं ।